# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
Arjunchaupari, Syangja
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मिति:२०८०।१२।१५

**प्रेस विज्ञप्ती**

आज मिति २०८०।१२।१५ यस अर्जुनचौपारी गाउँपालिकाको २८ औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाको दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/१२/२७ गते अर्जुनचौपारी गाउँपालिका वडा नं. २ लामडाँडामा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।
गरियो।

**निर्णय नं. २** चालु आर्थिक बर्ष २०८०/०८१ को बार्षिक स्वीकृत भएका योजना तथा कार्यक्रमहरु हाल सम्म १३६ वटा योजना सम्झौता भएकोमा २३ वटा योजनाहरुको अनुगमन पश्चात रकम भुक्तानी गरिएको र बाँकी ११३ वटा योजना कार्यान्वयनको अवस्थामा रहेको हुँदा उक्त योजनाहरु यथासिघ्र सम्पन्न गर्न पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को दोश्रो चौमासिक अवधि सम्मको खर्च १५ करोड ५५ लाख ६२ खर्च रहेको र समग्रमा प्रथम र दोश्रो चौमासिक अवधिमा हुनुपर्ने खर्च न्यून रहेकोले के कति कारणले खर्च न्यून भएको हो पहिचान गरी आगामी आर्थिक बर्षमा प्रथम र दोश्रो चौमासिक अवधिमा गर्नु पर्ने खर्च समयमानै गर्नको लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयका कक्षा ६,७ र ८ मा नैतिक शिक्षाको पठनपाठन सम्बन्धि आवश्यक व्यवस्था मिलाउने भनी मिति २०८०/११/१६ गतेको कार्यपालिकाको निर्णय भएको हुँदा उक्त शिक्षा सम्बन्धि पुस्तकहरुको विभिन्न विकल्पहरु अध्ययन गर्दा डा.स्वामी केशवानन्दद्धारा लिखित संस्कृत शिक्षा पठनपाठन गराउने सर्वसम्मत निर्णय गरियो। साथै उक्त पुस्तक विद्यार्थीसँग पालिका/छात्रवृत्ति शिर्षकबाट खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** गाउँपालिका भित्रका सामुदायिक विद्यालयका करारमा रहेका शिक्षक एवं कर्मचारीहरुको करार सम्झौता नवीकरणमा एकरुपता ल्याउन अर्जुनचौपारी गाउँपालिका करार शिक्षक,बालविकाश सहजर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको सम्झौता नवीकरण सम्बन्धी कार्यविधि,२०८० स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित पञ्चकन्या मन्दिर केटिचौरमा धार्मिक तथा पर्यटन प्रवर्द्धन विकास गर्न महाशिवरात्रीको अवसरमा नवग्रह शान्ति प्रतिमा प्रतिस्थापन कार्यक्रममा रु २६,६७५। खर्च भएको हुँदा उक्त खर्च रकम धार्मिक संघसंस्था सहायता शिर्षकबाट पञ्चकन्या मन्दिर व्यवस्थापन समितिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**
अर्जुनचौपारी गाउँपालिका वडा नं. २ लामडाँडामा पर्यटन विकास गर्ने हेतुले सञ्चालमा आएको लामडाँडा होमस्टेलाई पर्यटन विकास शिर्षकबाट रु ५० हजार आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

[बहादुर गुरुङ]
प्रवक्ता



CamScanner

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिकाको निर्माण प्रक्रियामा रहेको गडेरीखोला बोटानिकल पार्क तथा गाउँपालिकाको बगैंचा व्यवस्थापनको लागि १ जना कार्यालय सहयोगी कर्मचारी आवश्यक रहेको हुँदा अर्जुनचौपारी गाउँपालिकाको मिति २०८०/०९/२४ गते प्रकाशित सूचना तथा मिति २०८०/११/८ र ९ गते लिईएको सीप परीक्षण तथा अन्तर्वाता परीक्षाको योग्यताक्रमको सूचिबाट वरियताका आधारमा पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा बर्गीकरण सम्बन्धि कार्य सम्पन्न भएकोमा केही वडाहरुमा जग्गा बर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरुलाई बर्गीकरणको लागि सम्वन्धीत निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १०** अर्जुनचौपारी गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाइ व्यवस्थित गर्न तपसिल बमोजिमको वास कार्यदल गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

श्री प्रकाश तिवारी अध्यक्ष

श्री रण बहादुर थापा सदस्य

श्री रामु विष्ट सदस्य

श्री ज्योती के.सी.ढकाल सदस्य

श्री रुद्र बहादुर थापा सदस्य

श्री अञ्जना पौडेल अर्याल सदस्य

श्री दिपेन्द्र खत्री (वास फोकल पर्सन) सदस्य-सचिव

धन बहादुर गुरुङ्ग
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता



CamScanner